नेपाल आयल निगम लिमिटेड

# एल.पि.ग्याँस विनियमावली, २०६५
# (संशोधन सहित)

# नेपाल आयल निगम लिमिटेड
# एल.पि.ग्याँस विनियमावली, २०६५
# (संशोधन सहित)

**प्रस्तावनाः**

एल.पि.ग्याँस उद्योगलाई व्यवस्थित गरी एल.पि.ग्याँसको कारोवारलाई सर्वसुलभ र सहज वनाउन वाञ्छनीय भएकाले,

नेपाल आयल निगम लिमिटेड सञ्चालक समितिले देहायका विनियम बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम "नेपाल आयल निगम लिमिटेड एल.पि.ग्याँस विनियमावली, २०६५" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,**

(क) 'निगम' भन्नाले कम्पनी सम्बन्धि प्रचलित कानून बमोजिम स्थापना भएको नेपाल आयल निगम लिमिटेड सम्झनु पर्छ ।

(ख) 'विनियमावली' भन्नाले नेपाल आयल निगम लिमिटेड एल.पि.ग्याँस विनियमावली, २०६५ सम्झनु पर्छ ।

(ग) 'सञ्चालक समिति' भन्नाले निगमको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) 'कार्यकारी प्रमुख' भन्नाले निगमको कार्यकारी अध्यक्ष वा महाप्रवन्धक वा कार्यकारी निर्देशक सम्झनु पर्छ र सो शव्दले निगमको प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त अन्य अधिकृत समेतलाई जनाउनेछ ।

(ङ) 'आवद्धता प्रमाणपत्र' भन्नाले निगमले विनियम ७ बमोजिम उद्योगलाई दिने कारोवार आवद्धताको प्रमाणपत्र सम्झनु पर्छ ।

(च) 'ग्याँस' भन्नाले तरलीकृत पेट्रोलियम (एल.पि.) ग्याँस सम्झनु पर्छ ।

(छ) 'निर्धारित मूल्य' भन्नाले निगमले समय समयमा निर्धारण गरेको ग्याँसको विक्री मूल्य सम्झनु पर्छ ।

(ज) 'उपभोक्ता' भन्नाले ग्याँस भरिएका सिलिण्डर खरिद गरी प्रयोग गर्ने व्यक्ति सम्झनु पर्छ र सो शव्दले ग्याँस लिलिण्डर प्रयोग गर्ने संगठित क्षेत्र, संस्था वा कम्पनीलाई समेत जनाउने छ ।

(झ) 'सिलिण्डर' भन्नाले एल.पि.ग्याँस स्टोर गर्ने गुणस्तरयुक्त धातुको भाँडोलाई सम्झनु पर्छ ।

(ञ) 'डिस्ट्रिव्यूटर'/ 'डिलर'/ 'बिक्रेता' भन्नाले ग्याँस उद्योगले आफ्ना उपभोक्तालाई ग्याँस विक्री वितरण गर्न नियुक्त गरेका व्यक्ति वा फर्म सम्झनु पर्छ ।

(ट) 'ग्याँस सिलिण्डर भल्भ' भन्नाले सिलिण्डरमा फिट गरिएको भल्भ सम्झनु पर्छ ।

(ठ) 'प्रेसर रेगुलेटर' भन्नाले सिलिण्डर देखि ग्याँस चुल्होसम्म ग्याँसको वहावलाई रेगुलेट गर्ने उपकरण सम्झनु पर्छ ।

(ड) 'सिल' भन्नाले ग्याँस भरे पश्चात सिलिण्डरलाई वन्द गर्न प्रयोग गरिएको सिलिण्डरको भल्भ माथीको विर्कोलाई सम्झनु पर्छ ।

(ढ) 'उद्योग' भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको ग्याँस उद्योग सम्झनु पर्छ ।

(ण) 'फर्म' भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, साझेदारी ऐन, २०२०, कम्पनी ऐन, २०६३ र सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएको फर्म, कम्पनी वा सहकारी संस्था सम्झनु पर्छ ।

(त) 'पि.डि.ओ' भन्नाले ग्याँस उद्योगको कारोबार सञ्चालन गर्न विनियम ६ बमोजिम दिइएको Product Delivery Order (PDO) (पि.डि.ओ.) सम्झनु पर्छ ।

(थ) 'विशेष परिस्थिति' भन्नाले असहज परिस्थिति, वन्द हडताल वा अवरोधको कारणबाट उत्पन्न भएको परिस्थिति सम्झनु पर्छ र सो शव्दले कुनै खास प्राविधिक कारण, प्राकृतिक प्रकोप, आकस्मिक रुपबाट उत्पन्न परिस्थितिलाई समेत जनाउनेछ ।

(द) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यो विनियमावली अन्तर्गत सूचित गरिएको आदेश, निर्देशन तथा निगमको संचालक समितिले यस सम्बन्धमा समय समयमा गरेका निर्णयहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **<u>सैद्धान्तिक सहमतिकोलागि निवेदन दिनु पर्ने:</u>** (१) निगमसँग आवद्ध भई निगमको पि.डि.ओ.प्राप्त गरी कारोवार गर्न चाहने उद्योगहरुले उद्योग स्थापना गर्नु पूर्व रु.५०,०००।- (पचास हजार) निवेदन शुल्क निगममा बुझाई आवद्धनको सैद्धान्तिक सहमतिकालागि अनुसूची-१ बमोजिमको ढाँचामा निगम समक्ष निवेदन दिनु पर्नेछ ।

(२) निगमले आवद्धनको सैद्धान्तिक सहमति दिने आधार निम्न वमोजिम हुनेछ :-

(क) उद्योगको नाममा फर्म रजिष्ट्रेशन भएको प्रमाण ।

(ख) ज्वाईन्ट भेन्चर फर्म भएमा सो को सम्झौताको प्रतिलिपी ।

(ग) ग्याँस विक्री वितरण गर्ने क्षेत्र वा वजार सम्वन्धमा स्पष्ट विवरण ।

(घ) विस्तृत अध्ययन प्रतिवेदन ।

(३) उप विनियम (२) बमोजिम उल्लेखित आधारहरु पूरा गर्ने उद्योगहरु मध्ये छनौट गर्दा देहाय बमोजिमका उद्योगहरुलाई प्राथमिकता दिइनेछः-

(क) सञ्चालनमा रहेका उद्योगहरुको तुलनामा अधिकतम सेवा, सुविधा र सुरक्षाको प्रत्याभूति दिने ।

(ख) उद्योग स्थापना नभएका जिल्ला एवम् क्षेत्रमा उद्योग राख्न चाहने ।

(ग) नयाँ र विकसित भईरहेको क्षेत्र तथा बजारलाई लक्षित गरी उद्योग राख्न चाहने ।

(घ) गाउँ वस्ती भन्दा ५ कि.मि. दूरीमा स्थापना गर्ने लक्ष्य रहेको ।

(ङ) प्रस्तावित उद्योग हाल सञ्चालनमा रहेको उद्योगभन्दा कम्तिमा ५ किलो मिटरको दूरीमा भएको ।

(च) पहाडी र उच्च हिमाली क्षेत्रको लागि ५ के.जी. क्षमता र व्यवसायिक प्रयोजनको लागि १९ के.जी. क्षमताको सिलिण्डर विक्री वितरण गर्ने लक्ष्य राखेका उद्योगहरु ।

(४) उप विनियम (२) बमोजिमका आधारमा छानविन गर्दा कुनै उद्योगलाई आवद्धनको सैद्धान्तिक सहमति दिन उपयुक्त देखिएमा निगमले अनुसूची-२ बमोजिमको ढाँचामा आवद्धनको सैद्धान्तिक सहमति दिनेछ ।

(५) उप विनियम (४) बमोजिम सैद्धान्तिक सहमति नपाउने उद्योगलाई निगमले उप विनियम (१) बमोजिम निवेदन शुल्क वापत बुझाएको रकम फिर्ता दिनेछ ।

४. **पि.डि.ओ. प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) विनियम ३ को उप विनियम (४) बमोजिम आवद्धनको सैद्धान्तिक सहमति प्राप्त गरेका उद्योगले पि.डि.ओ. प्राप्त गर्न अनुसूची-३ बमोजिमको ढाँचामा निगम समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उप विनियम (१) बमोजिम निवदेन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ ।

(क) उद्योग स्थापना भएको जग्गा उद्योगको स्वामीत्वमा रहेको भए सोको प्रमाण वा लिजमा लिएको भएमा कम्तीमा १० (दश) वर्षको करारको सम्झौता भएको प्रमाणित कागजात ।

(ख) आयकर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) उद्योग विभागवाट उद्योग दर्ता गरेका प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(घ) उद्योग स्थापना स्थलको चार किल्ला स्पष्ट खुलेको लोकेसन प्लान र नापी कार्यालयवाट कित्ता खुलेको प्रमाणित नक्सा ।

(ङ) IEE (प्रारम्भीक वातावरण परिक्षण) गरेको कागजात ।

(च) Hydraulic Pressure Test तथा Explosive Test गराएको कागजात ।

५. **प्राविधिक निरिक्षण गरिने:** (१) विनियम ४ बमोजिमको निवेदन प्राप्त भएपछि निगमले पि.डि.ओ. जारी गर्नु पूर्व प्राविधिक टोली गठन गरी उद्योग स्थापना भएको स्थानको स्थलगत प्राविधिक निरिक्षण गराई प्रतिवेदन प्राप्त गर्नु पर्ने छ ।

(२) प्राविधिक टोलीले विनियम ४ बमोजिम उद्योगले निवेदनमा उल्लेख भएका कुराहरुको स्थलगत अध्ययन गरी प्रतिवेदन दिनु पर्नेछ:-

६. **उद्योगलाई पि.डि.ओ. दिइने:** (१) विनियम ५ बमोजिम प्राविधिक टोलीले पेश गरेको प्रतिवेदनको आधारमा कुनै उद्योगलाई पि.डि.ओ.जारी गर्न उपयुक्त देखिएमा निगमले विनियम ४ बमोजिमको निवेदन परेको ३५ दिन भित्र रु.१०,००,०००।- (दश लाख) नगद शुल्क लिई त्यस्तो उद्योगको नाममा पि.डि.ओ. जारी गर्ने छ ।

७. **कारोबार आवद्धताको प्रमाणपत्र दिइने:** (१) विनियम ६ बमोजिम पि.डि.ओ. प्राप्त गर्ने उद्योगलाई मात्र निगमले अनुसूची-४ बमोजिमको कारोबार आवद्धताको प्रमाणपत्र दिनेछ ।

(२) उप विनियम (१) बमोजिम जारी भएको प्रमाणपत्र पाँच वर्ष सम्म वहाल रहनेछ ।

(३) उप विनियम (१) बमोजिम उद्योगले प्राप्त गरेको प्रमाणपत्र रु.२५,०००।- (पच्चिस हजार) शुल्क बुझाई प्रत्येक पाँच वर्षमा नवीकरण गर्नु पर्नेछ ।

८. **संचालनमा रहेका उद्योगकोलागि विशेष व्यवस्थाः** (१) यो विनियमावली लागू हुन भन्दा अगाडि पि.डि.ओ. प्राप्त गरी कारोवार संचालन गरि रहेका उद्योगले यो विनियमावली लागू भएको एक वर्ष भित्र रु.५,००,०००।- (पाँच लाख) निगममा बुझाई पि.डि.ओ. प्राप्त गर्नु पर्नेछ ।

(२) उप विनियम (१) बमोजिम पि.डि.ओ. प्राप्त नगर्ने उद्योगको कारोवार आवद्धताको प्रमाणपत्र निगमले खारेज गर्नेछ ।

९. **निगमको पि.डि.ओ. प्राप्त गरी ग्याँस कारोवार गर्न उद्योगले सम्झौता गर्नु पर्ने :** निगमद्वारा जारी गरिने पि.डि.ओ. प्राप्त गरी उद्योग सञ्चालन गर्न इच्छुक उद्योगले अनुसूची-५ बमोजिम निगमसँग सम्झौता गर्नु पर्नेछ ।

(१) निगमद्वारा जारी हुने पि.डि.ओ. प्राप्त गरी ग्याँस उद्योग सञ्चालन गरिरहेका उद्योगले समेत निगमद्वारा तोकिएको समयभित्र सम्झौता गर्नु पर्नेछ ।

(२) सम्झौताको लागि निगमले सार्वजनिक सञ्चारका माध्यमहरु एवम् पत्रद्वारा उद्योगलाई जानकारी गराउनेछ ।

(३) सम्झौता गर्न अनिच्छुक उद्योगलाई निगमले पि.डि.ओ. उपलव्ध गराउने छैन ।

१०. **वितरण प्रणालीलाई व्यवस्थित गर्नेः** (१) ग्याँस उद्योगीले आफ्ना विक्रेता (डिलर्स) मार्फत ग्याँस बिक्री वितरण गर्दा संलग्न अनुसूची-६ मा उल्लेख भएका शर्त र प्रावधानको पालना गर्न लगाउनु पर्ने छ ।

(२) उप विनियम (१) बमोजिमको शर्त तथा प्रावधान पालना भए वा नभएको निगमले नियमित रुपमा अनुगमन गर्ने छ ।

११. **निगमले उपलव्ध गराएको ग्याँस मात्र कारोवार गर्नु पर्नेः** (१) निगमसंग कारोवार आवद्धन लिई पि.डि.ओ. प्राप्त गरी ग्याँस कारोवार गर्ने उद्योगले निगम मार्फत उपलव्ध गराइएको ग्याँसको मात्र कारोवार गर्नु पर्नेछ ।

(२) उप विनियम (१) बमोजिम ग्याँसको कारोवार गर्ने उद्योगले अन्य कुनै प्रकारको ग्याँसको कारोवार गर्न पाउने छैन ।

१२. **ग्याँस उद्योगले मापदण्ड वमोजिम ग्याँस कारोवार गर्नु पर्नेः** (१) उद्योगले वजार विक्रीको लागि ल्याउने ग्याँस सिलिण्डर यस विनियमावलीका विभिन्न विनियमहरुमा उल्लेख भएको मापदण्ड (स्ट्याण्डर्ड) पुरा गरेको हुनपर्ने छ ।

(२) ग्याँस सिलिण्डरको गुणस्तर उप विनियम (१) बमोजिम नभएमा त्यस्ता उद्योगलाई निगमले पि.डि.ओ. जारी गर्ने छैन ।

(३) उपभोक्ताले प्रयोग गर्ने ग्याँस सिलिण्डरको गुणस्तर सम्वन्धी सम्पूर्ण दायित्व सम्बन्धित उद्योगको हुनेछ ।

१३. **ग्याँस भर्दा पालन गर्नु पर्ने शर्तहरुः** (१) उद्योगले प्रयोगमा ल्याउने ग्याँस सिलिण्डरको आवश्यक जाँच तथा परिक्षण गराई जाँच पासको प्रमाणपत्र प्राप्त गरेका भल्भ सहितको सिलिण्डरमा मात्र ग्यास भर्नु पर्नेछ ।

(२) उप विनियम (१) बमोजिम जाँच गराउने सम्पूर्ण दायित्व सम्बन्धित उद्योगको हुनेछ ।

१४. **ग्याँस सिलिण्डरमा खुलाउनु पर्ने कुराः** उद्योगले ग्याँस भरी वजारमा विक्री वितरण गर्न पठाएको ग्याँस सिलिण्डरमा निम्न कुराहरु खुलाउनु पर्नेछ :-

(क) सिलिण्डर निर्माताको नाम र लोगो

(ख) ग्याँस भर्ने उद्योगको नाम र लोगो

(ग) सिलिण्डरको सिरियल नम्वर

(घ) निरिक्षकको टाँचा

(ङ) Hydrostatic Test गरिएको मिति

(च) Working or Test Pressure

(छ) भल्भ सहितको खाली सिलिण्डरको तौल

(ज) पानी अटाउने क्षमता

(झ) सिलिण्डरमा भरिने ग्याँसको तौल

(ञ) सिलिण्डर जाँच गरिएको मिति

(ट) अर्कोपल्ट पुनः जाँच गरिनु पर्ने मिति

१५. **ग्याँस सिलिण्डर भल्भः** ग्याँस सिलिण्डरमा प्रयोग गरिने भल्भ गुणस्तर मापदण्ड अनुरुप आवश्यक जाँच परिक्षण भएको यकिन गर्न सम्बन्धित निर्माताबाट ग्याँस उद्योगीले प्रमाण पत्र प्राप्त गरेको हुनुपर्नेछ । देहायका कुराहरु अंकित नभएका भल्भहरु ग्याँस भर्ने सिलिण्डरमा प्रयोग गर्नु हुँदैन-

(क) भल्भ निर्माताको नाम वा लोगो वा कोड नम्वर

(ख) भल्भ निर्माण गरिएको मिति

१६. **सिलिण्डरमा ग्याँस भर्न नहुनेः** ग्याँस भर्ने सिलिण्डरमा देहायका कुराहरु नभएसम्म ग्याँस भर्नु हुँदैनः-

(क) १४.२ केजीको रातो वाहेक अन्य रंगको सिलिण्डर भएमा,

(ख) सिलिण्डरमा तरलीकृत पेट्रोलियम ग्याँस वाहेक अन्य पदार्थ भएमा,

(ग) भल्भमा कुनै पनि चिल्लो पदार्थ भएमा,

(घ) पुनः जाँच गर्नु पर्ने मिति नाघेका सिलिण्डरहरु भएमा र

(ङ) ग्याँस सिलिण्डरको पिंध (Foot-ring) र घाँटी (neck-ring) काटी जोडेको सिलिण्डर भएमा ।

(च) खालि सिलिण्डरको तौल सिलिण्डरमा उल्लेखित भन्दा वढी भएमा ।

(छ) सिलिण्डर कुच्चिएको वा रिपेयरिङ्ग गरेको भएमा ।

१७. **अन्य उद्योगको सिलिण्डरमा ग्याँस भर्न नहुनेः** (१) उद्योगले आफ्नो नामको ग्याँस सिलिण्डरको दायित्व वहन गर्नु पर्ने भएकाले अन्य उद्योगको नामको सिलिण्डरमा ग्याँस भर्नु हुँदैन ।

(२) उप विनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवश कुनै उद्योग पूर्ण वा आंशिक वा अस्थायी रुपमा संचालनमा नरहदा आफ्ना ग्राहकलाई ग्याँस आपूर्ति गराउन नसकेको कुरामा निगम विश्वस्त भएमा उपभोक्ताको हितलाई ध्यानमा राखी निगमले अन्य उद्योगलाई त्यसरी बन्द हुन गएको उद्योगको सिलिण्डरमा ग्याँस भर्न अनुमति दिन सक्नेछ ।

१८. **उद्योगले विक्रेताको विवरण उपलव्ध गराउनु पर्नेः** निगमसँग आवद्ध भई पि.डि.ओ. प्राप्त गरी कारोवार गर्ने उद्योगले ग्याँस सिलिण्डर विक्री वितरणका लागि नियुक्त गर्ने डिलर वा

बिक्रेताको विस्तृत विवरण प्रत्येक वर्ष श्रावण १५ गते भित्र अनुसूची-८ बमोजिमको ढाँचामा निगमलाई उपलब्ध गराउनु पर्नेछ ।

१९. **उद्योगले नयाँ सिलिण्डर निष्कासन सम्वन्धी विवरण उपलब्ध गराउनु पर्ने:** उद्योगले नयाँ सिलिण्डरहरु विक्रीको लागि वजारमा ल्याउँदा सो सम्वन्धी विवरण मासिक रुपमा निगमलाई उपलब्ध गराउनु पर्नेछ ।

२०. **धरौटी फिर्ता गर्नु पर्ने:** जुनसुकै कारणले उद्योगको उत्पादन वन्द भएमा ग्याँस सिलिण्डर वापत उद्योग, डिलर वा बिक्रेताले उपभोक्तावाट लिएको धरौटी रकम फिर्ता गर्नु पर्नेछ ।

२१. **विभिन्न तौल र आकारका ग्याँस सिलिण्डर विक्री गर्नु पर्ने:** (१) निगमले समय समयमा निर्देशन दिए बमोजिमको विभिन्न तौल र आकारका सिलिण्डरहरु विक्रीका लागि उद्योगले वजारमा ल्याउनु पर्नेछ ।

(२) कुन तौल, रंग र आकारका सिलिण्डर कस्ता उपभोक्तालाई विक्री गर्ने हो भन्ने वारे निगमले उद्योगलाई निर्देशन दिने छ । यसरी दिएको निर्देशनको पालना गर्नु सम्वन्धित उद्योगको कर्तव्य हुनेछ ।

२२. **निगमले निर्धारण गरेको मूल्यमा ग्याँस विक्री गर्नु पर्ने:** उद्योगले उपभोक्तालाई विक्री गर्ने ग्याँसको मूल्य समय समयमा निगमले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. **विशेष अवस्थामा निगमले निर्देशन दिए वमोजिम गर्नु पर्ने:** वजारमा ग्याँसको अभाव भएका वखत निगमले दिएको निर्देशन वमोजिम उद्योगले ग्याँसको विक्री वितरण गर्नु पर्नेछ ।

२४. **उद्योग आफैले आयात एवं विक्री गर्ने:** (१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निगमले निश्चित सेवा शूल्क लिई उद्योगलाई पि.डि.ओ. जारी गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम पि.डि.ओ. प्राप्त गरेपछि उद्योगहरुले उक्त पि.डि.ओ. को आधारमा आफैले ग्याँसको आयात एवम् ढुवानी गर्न सक्नेछ ।

(३) निगमले तोकेको निश्चित आधारहरुको परिधीमा रही उद्योग आफैले ग्याँसको मूल्य निर्धारण गर्न सक्नेछ ।

(४) उपविनियम (१) र (२) बमोजिमको व्यवस्था निगमले सूचना जारी गरेपछि लागू हुनेछ ।

२५. **ग्याँस उद्योगको दायित्व:** ग्याँस उद्योगको दायित्व देहाय बमोजिम हुनेछः-

(क) विनियम २१ र २३ बमोजिमको निर्देशन पालना गर्नु पर्ने ।

(ख) ग्याँस दुषित वा मिसावट हुन नदिन नियमानुसार समय समयमा स्टोरेज बुलेट/सिलिण्डरको जाँच र सफागरी सो को रेकर्ड अद्यावधिक राख्नु पर्ने ।

(ग) ग्याँस प्रयोग गरी घटी सकेको वा मापदण्ड बमोजिम हुनु पर्ने पुरा ग्याँस नभएको वा चुहिरहेको वा चुहेको सिलिण्डर उपभोक्तालाई विक्री गर्न नहुने ।

(घ) ग्याँस भरेको सिलिण्डर उद्योगबाट बाहिर पठाउँदा उद्योगको नाम स्पष्ट खुलेको सील लगाएको हुनु पर्नेछ र सो सील उपभोक्ताको रोहवरमा चेक जाँच गर्नु परेमा बाहेक खोल्नु नहुने ।

(ङ) तोकिएको स्ट्याण्डर्ड तौल भन्दा बढी वा घटी तौलमा ग्याँस विक्री गर्नु नहुने र बिक्रेताले चाहेमा हरेक सिलिण्डर तौल गरेर मात्र डेलिभरी दिने व्यवस्था मिलाउनु पर्ने ।

(च) ग्याँस सिलिण्डर स्टोर गर्ने ठाउँ लगायत विक्री स्थलहरुमा सवैले सजिलै देखिने ठाउँमा आफुसित भएको स्टक अनिवार्य रुपमा राख्नु पर्ने ।

(छ) विक्रीस्थलको वातावरण र प्रदूषण नियन्त्रणका साथै सुरक्षा (Fire Safety) को समेत व्यवस्था गर्नु पर्नेछ र सो स्थलमा अन्य उद्योगको सिलिण्डर राख्नु नहुने ।

(ज) उद्योग एवं विक्रीस्थलको सुरक्षालाई मध्यनजर राखी निर्माताको स्पेसिफिकेशन वमोजिम पर्याप्त संख्यामा अग्नी नियन्त्रण उपकरण चालू अवस्थामा राख्नु पर्ने ।

(झ) उद्योगमा रहेको टैंकको क्षमता अनुसार ग्याँस र पम्प, टैंक (बुलेट) आदि उपकरणहरुको वीमा गराउनु पर्ने । कुनै कारणवस कुनै उद्योगको ग्याँस वूलेट/ सिलिण्डर पड्की (Brust) दुर्घटना भएमा सोबाट तेश्रो पक्षलाई समेत पुग्न गएको दुर्घटनाको क्षतिपूर्ति सम्बन्धित ग्याँस उद्योगले व्यहोर्ने गरी तेश्रो पक्षको वीमा (Third Party Insurance) गराउनु पर्ने ।

(ञ) नियमित वा आकस्मिक निरीक्षणको सिलसिलामा निगमवाट माग गरिएका कागजात एवं सूचनाहरु उपलव्ध गराउनु पर्ने ।

(ट) ग्याँस सञ्चय गर्ने बुलेटको क्षमता स्पष्ट खुलेको क्यालिब्रेशन चार्ट तथा गेजिङ्ग टेप विक्रीस्थलमा राख्नु पर्ने ।

(ठ) निगमलाई झुक्याउने, ढांट्ने वा हानी नोक्सानी पुऱ्याउने कुनै पनि काम कुरा गर्न नहुने ।

(ड) ग्याँस उद्योगले आफ्ना डिस्ट्रीव्यूटर एवं विक्रेतालाई निजको दायित्व एवं जिम्मेवारीको पालना गर्न लगाउनु पर्ने ।

(ढ) ग्याँस उद्योगीले पि.डि.ओ. मार्फत ग्याँस बुझे पछिको सम्पूर्ण दायित्व सम्बन्धित ग्याँस उद्योगको हुने ।

२६. **ग्याँस विक्रेताको दायित्वः** ग्याँस विक्रेताको दायित्व देहाय बमोजिम हुनेछः-

(क) ग्याँस विक्रेताले ग्याँसको विक्री वितरण व्यवस्थित एवं पारदर्शी ढंगले गर्नु पर्ने ।

(ख) ग्याँसको कृतिम अभाव श्रृजनागरी बढी मूल्य लिई बिक्री वितरण गर्नु गराउनु नहुने ।

(ग) निगमले समय समयमा जारी गरेको निर्देशन/सूचनाको पालना गर्ने कर्तव्य विक्रेताको समेत हुने ।

(घ) आफूले बिक्रीकालागि पाएको ग्याँस सुरक्षित स्थानमा राख्ने र सुरक्षित ढंगबाट बिक्री वितरण गर्नु पर्ने ।

(ङ) विक्रेताले ग्याँस सिलिण्डर आचार संहिता नेपाल गुणस्तर ३७६ पालना गर्नु पर्ने ।

२७. **निगमको काम, कर्तव्य र अधिकारः** निगमको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) ग्याँस उद्योगसँग रहेको ग्याँसको गुणस्तर, मौज्दात एवं कागजात जाँच गर्ने ।

(ख) विशेष परिस्थितिमा कुनै स्थान विशेषको आवश्यकता र खपतको अवस्था हेरी ग्याँस आपूर्ति सम्वन्धी निर्णय गर्ने ।

(ग) कुनै कारणले ग्याँसको आपूर्तिमा व्यवधान वा कमी हुन गएमा ग्याँस उद्योगलाई त्यस्तो पदार्थको विक्री वितरण वा नियन्त्रण गर्न गराउन आवश्यक निर्देशन दिने ।

(घ) समय समयमा ग्याँसको मूल्यमा थपघट गर्न सक्ने । दोहरो विक्री मूल्य नीति अपनाएमा ग्याँस उद्योगहरुलाई सोही वमोजिम गर्न गराउन निर्देशन दिने ।

(ङ) उद्योगलाई पि.डि.ओ.(प्रोडक्ट डेलिभरी अर्डर) उपलव्ध गराई ग्याँसको आपूर्ति गराउने । यसरी उपलव्ध गराइने पि.डि.ओ.वाट ग्याँस आयात नहुँदै त्यसलाई निगमले रद्द गर्न सक्ने वा फिर्ता लिन सक्नेछ ।

(च) खण्ड (ङ) बमोजिम पि.डि.ओ.रद्द वा फिर्ता भएमा त्यसरी पि.डि.ओ.रद्द भएको १५(पन्ध्र) दिन भित्र निगमले सम्वन्धित उद्योगलाई पि.डि.ओ. वापत लिएको शुल्क फिर्ता दिइनेछ ।

२८. **ग्याँस सप्लाई बन्द हुने:** यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा निगमले उद्योगलाई दिई आएको ग्याँसको सप्लाई वन्द गर्नेछ:-

(क) निर्धारित समयभित्र उद्योग दर्ता प्रमाण पत्र नविकरण नगरेमा ।

(ख) निगमलाई बुझाउनु पर्ने रकम तोकिएको समयभित्र नवुझाएमा ।

(ग) तोकिएको परिमाणमा ग्याँस नउठाएमा ।

(घ) अन्य ग्याँस कम्पनीवाट गैह्र कानूनी रुपमा ग्याँस खरिद गरेमा ।

(ङ) पिंध (foot-ring) वा घाँटी (neck-ring) काटिएको ग्याँस सिलिण्डरमा ग्याँस भरी बजारमा बिक्री वितरण गर्न पठाएमा ।

२९. **उद्योगसँगको कारोवार निलम्बन हुने:** देहायको अवस्थामा निगमले उद्योगसँगको कारोवार ३ (तीन) महिना सम्मकोलागि निलम्बन गर्न सक्नेछ:-

(क) यस विनियमावली अनुसार ग्याँस विक्री वितरण नगरेमा ।

(ख) निगमले माग गरेको विवरणहरु उपलव्ध नगराएमा ।

(ग) विक्रेताको दायित्व पालना नगरेमा ।

(घ) निगमले दिएको आदेश तथा निर्देशनको पालना नगरेमा ।

३०. **निलम्बन फुकुवा हुने:** कुनै उद्योगलाई जुन आरोपमा निलम्बन गरिएको हो सो उपर छानविन हुँदा त्यस्तो आरोप पुष्टि नभएमा वा आधारहिन देखिएमा वा त्यस्तो उद्योगले निगमबाट दिएको निर्देशन अनुसार सुधार गरेको प्रमाणित भएमा निगमले त्यस्तो निलम्बन फुकुवा गर्न सक्नेछ ।

३१. **आवद्धता प्रमाण खारेज गर्न सकिने :** देहायको अवस्थामा निगमले यस विनियमावली बमोजिम जारी गरेको कारोवार आवद्धताको प्रमाणपत्र खारेज गर्न सक्नेछ:-

(क) विनियमावली विपरीत तीन पटकसम्म निलम्बन हुने कार्य गरेमा ।

(ख) निगमको स्वीकृति बेगर गैह्र नेपाली वा अन्य व्यक्तिलाई उद्योगको हक हस्तान्तरण गरेमा ।

(ग) बेरित वा झुट्टा कागजातहरु वा नक्कली बैंक भौचर पेश गरेको प्रमाणित भएमा ।

(घ) उद्योगीले ग्याँस बिक्रीमा कालो बजारी गरेमा वा लुकाई छिपाइ गरेमा वा बजारमा कृत्रीम अभाव श्रृजना गरेको प्रमाणित भएमा ।

३२. **सफाईको मौका दिईने:** विनियम ३१ बमोजिम उद्योगको कारोवार आवद्धता प्रमाणपत्र खारेज गर्नु अघि निगमले सम्वन्धित उद्योगलाई सफाइको सवुत पेश गर्ने उचित अवसर दिनेछ ।

३३. **निगमवाट स्वतः कारोवार आवद्धता प्रमाणपत्र खारेज हुने:** यस विनियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा उद्योगको कारोवार आवद्धता प्रमाणपत्र स्वतः खारेज हुनेछ :-

(क) मनासिव माफिको कारण दर्शाइ निगमलाई मनासिव समयमा लिखित जानकारी गराएमा वाहेक विनियम ७ वमोजिम कारोवार आवद्धता लिएको मितिले १८ (अठार) महिनासम्म निगमवाट ग्याँस नलिएमा ।

(ख) कुनै कारण उल्लेख नगरी लगातार एक महिनासम्म निगम मार्फत ग्याँस नलिएमा ।

(ग) कालो बजार गरेको कसूर प्रमाणित भएमा ।

३४. **पुरस्कारः** ग्याँसको विक्री वितरणमा उपभोक्तालाई प्रदान गरेको स्तरीय सेवा, ग्याँस उद्योगको समुचित सुरक्षाको व्यवस्था, सरसफाई हरियालीको प्रवर्द्धन, वातावरण संरक्षण, प्रदुषण नियन्त्रण आदि जस्ता आधारमा उत्कृष्ट देखिएका उद्योगलाई निगमले प्रत्येक वर्ष "उत्कृष्ट ग्याँस उद्योग" पुरस्कार दिन सक्नेछ ।

३५. **पुनरावेदनः** (१) यस विनियमावली बमोजिम निगमले गरेको कुनै काम, निर्णय वा दिएको निर्देशनबाट उद्योगलाई मर्का परेमा सो को विवरण खुलाई त्यस्तो काम, निर्णय वा निर्देशन भएको मितिले ३५ (पैतिस) दिन भित्र त्यस्तो उद्योगले निगमको कार्यकारी प्रमुख मार्फत संचालक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उप विनियम (१) बमोजिम पर्न आएको पुनरावेदन उपर संचालक समितिले आवश्यक निर्णय गर्नेछ ।

(३) उप विनियम (२) बमोजिम संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

३६. **निर्देशिका बनाउन सक्नेः** यस विनियमावली अन्तर्गत सम्पादन गर्नु पर्ने कामको सरलीकरणको लागि यस विनियमावलीको अधिनमा निगमले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३७. **निर्देशन दिन सक्नेः** निगमले यस विनियमावलीको उद्देश्य कार्यान्वयनकोलागि उद्योगलाई समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देनको पालना गर्नु सम्वन्धित उद्योगको कर्तव्य हुनेछ ।

३८. **अधिकारः** आवद्धनको सैद्धान्तिक सहमति सम्वन्धी निर्णय गर्ने, सैद्धान्तिक सहमति प्राप्त गरी निगमको आवद्धताको प्रमाणपत्र लिएर ग्याँस कारोवार गरीरहेको उद्योगको नयाँ शाखा खोल्न वा स्थान परिवर्तन गर्न वा म्याद थप गर्न वा कारवाही गर्ने सम्वन्धि अधिकार कार्यकारी प्रमुखलाई हुनेछ ।

३९. **यो विनियमावली लागू हुनेः** यो विनियमावली प्रारम्भ हुन भन्दा अघि स्थापना भएका ग्याँस उद्योगहरु र यस विनियमावली प्रारम्भ भएपछि स्थापना हुने ग्याँस उद्योगहरु समेतकालागि यसै विनियमावली मा उल्लेख भए बमोजिमका व्यवस्था लागू हुनेछ ।

४०. **निर्धारित मूल्यमा परिवर्तन गर्न सक्नेः** निगमले समय समयमा ग्याँसको बिक्री मूल्यमा आवश्यक हेरफेर गर्न सक्ने छ । यसरी मूल्यमा हेरफेरको कारणबाट हुने लाभ वा हानीको दायित्व ग्याँस उद्योगी तथा बिक्रेता स्वयंको हुनेछ । मूल्य परिवर्तनको कारणबाट हुने हानी वा नोक्सानीको दायित्व निगमले व्यहोर्ने छैन ।

४१. **यस विनियमावलीको व्याख्याः** यस विनियमावलीको प्रयोजन तथा कार्यान्वयनको सिलसिलामा कुनै विषयमा द्विविधा पर्न गएमा सो को व्याख्या गरी निर्णय गर्ने अधिकार संचालक समितिलाई हुनेछ ।

४२. **संशोधनः** सञ्चालक समितिले यो विनियमावलीमा आवश्यक संशोधन गर्न सक्नेछ ।

४३. **वचाउः** यस अघि भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिने छ ।

अनुसूचि - १

# नेपाल आयल निगम लिमिटेड

(विनियम ३ को उपविनियम (१) संग सम्बन्धित)

**आवद्धन सैद्धान्तिक सहमतिकोलागि दिइने निवेदनको ढाँचा**

श्री नेपाल आयल निगम लिमिटेड

... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ।

**विषयः- आवद्धन सैद्धान्तिक सहमतिकोलागि निवेदन पत्र**

महोदय,

निगमको पि.डि.ओ.प्राप्त गरी ग्याँसको कारोवार गर्न उद्योग स्थापना गर्ने मेरो/हाम्रो इच्छा भएकोले तपसील बमोजिमको व्यहोरा उल्लेख गरी आवद्धनको सैद्धान्तिक सहमति प्राप्त गर्न यो निवेदन दिएको छु/छौं ।

**तपसील**

१. उद्योगको पुरा नामः

२. उद्योग रजिष्ट्रेशन भएको मिति र नम्बरः

३. स्थायी लेखा नम्बर र मिति ... ... ... ... ... ... .. मु.अ. कर दर्ता भएको मिति ... ... ...

४. उद्योग स्थापना गर्न चाहेको स्थान

अंचल ... ... ... ... ... ... ... जिल्ला ... ... ... ... ... ... ... गा.वि.स. ... ... ... ... ... ..
न.पा./उ.म.न.पा/म.न.पा. ... ... ... ... ... ... वडा नं. ... ... ... ... ... स्थान ... ... ... .

५. वैदेशिक लगानी रहेको/नरहेकोः

६. सम्बन्धित गा.वि.स/न.पा./उ.म.न.पा./ ले गाउँ वस्ती भन्दा टाढा रहेको दुरी प्रमाणित गरेको पत्र संलग्न रहेको/ नरहेको ।

७. अध्ययन प्रतिवेदन संलग्न रहेको/ नरहेको ।

निवेदकको,

पूरा नामः

ठेगानाः

मितिः

अनुसूचि - २

# नेपाल आयल निगम लिमिटेड

(विनियम ३ को उपविनियम (४) संग सम्बन्धित)

**आवद्धनको सैद्धान्तिक सहमति**

श्री … … … … … … … … … … … … … … … … … … …

लाई यस निगमसंग आवद्ध भई निगमबाट पि.डि.ओ. प्राप्त गर्ने गरी एल.पि.ग्याँसको कारोवार गर्न यो आवद्धनको सैद्धान्तिक सहमति दिईएको छ ।

**सिफारिस गर्ने**

उप निर्देशक/प्रवन्धक

आपूर्ति, वितरण तथा एभिएशन विभाग

**प्रमाणित गर्ने**

निर्देशक

आपूर्ति, वितरण तथा एभिएशन विभाग

अनुसूचि - ३

# नेपाल आयल निगम लिमिटेड

(विनियम ४ को उपविनियम (१) संग सम्बन्धित)

**पि.डि.ओ.प्राप्त गर्न दिइने निवेदनको ढाँचा**

श्री नेपाल आयल निगम लिमिटेड

... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ।

**विषयः- पि.डि.ओ.प्राप्त गर्नेकोलागि निवेदन पत्र**

महोदय,

नेपाल आयल निगम लिमिटेडबाट पि.डि.ओ. प्राप्त गर्ने गरी एल.पि.ग्याँसको कारोवार गर्न मिति ... ... ... ... ... ... मा आवद्धनको सैद्धान्तिक सहमति प्राप्त भएकोले पि.डि.ओ. प्राप्त गर्न तपसिल बमोजिमको व्यहोरा उल्लेख गरी निवेदन दिएको छु/छौं ।

**तपसील**

१. उद्योगको पुरा नामः

२. उद्योग रजिष्ट्रेशन भएको मिति र नम्बरः

३. उद्योग स्थापना गरेको स्थानः

अंचल ... ... ... ... ... ... ... जिल्ला ... ... ... ... ... ... ... गा.वि.स. ... ... ... ... ... .. न.पा./उ.म.न.पा/म.न.पा. ... ... ... ... ... ... वडा नं. ... ... ... ... ... स्थान ... ... ... .

निवेदकको,

हस्ताक्षरः

नामः

ठेगानाः

अनुसूचि - ४

# नेपाल आयल निगम लिमिटेड

विनियम ७ को उपविनियम (१) संग सम्बन्धित

## कारोवार आवद्धताको प्रमाणपत्र

श्री … … … … … … … … … … … … … … … … … … … … … .. लाई निगमबाट एल.पि.ग्याँसको पि.डि.ओ. प्राप्त गर्ने गरी ग्याँसको कारोवार संचालन गर्न यो आवद्धताको प्रमाणपत्र दिइएको छ । यो कारोवार आवद्धताको प्रमाणपत्र पाँच वर्ष सम्म बहाल रहने छ ।

उद्योग रहेने स्थानः

**सिफारिस गर्ने**

उप निर्देशक/प्रबन्धक

आपूर्ति, वितरण तथा एभिएशन विभाग

**प्रमाणित गर्ने**

निर्देशक

आपूर्ति, वितरण तथा एभिएशन विभाग

## नविकरण सम्बन्धी व्यवस्था

| नविकरण मिति | उद्योगको नाम | वहाल रहने मिति | नविकरण दस्तुर | नविकरण गर्ने पदाधिकारीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूचि - ५

# नेपाल आयल निगम लिमिटेड

विनियम ९ को उपविनियम (१) संग सम्बन्धित

## एल.पी.ग्याँस कारोवार सम्वन्धमा

## नेपाल आयल निगम लिमिटेड र .................. ग्याँस उद्योग बिच भएको सम्झौता

### खण्ड क

दफा १ यस सम्झौतामा नेपाल आयल निगम लिमिटेड (प्रथम पक्ष) र ... ... ... ... एल.पि.ग्याँस उद्योग (दोश्रो पक्षको) भनि उल्लेख हुनेछ । दुवैलाई एकसाथ उल्लेख गर्नु पर्दा (दुवै पक्ष) भनि उल्लेख गरिनेछ ।

दफा २ यस सम्झौतामा उल्लेखित दुवै पक्षको अधिकार र दायित्व दुवै पक्षले पूर्ण निष्ठाका साथ पालन गर्नमा दुवै पक्ष सहमत छन् ।

दफा ३ तोकिएको दायित्व पूरा नगरेवाट भएको क्षति यसै सम्झौतामा उल्लेखित व्यवस्था अनुरुप मञ्जूर गर्न दुवै पक्ष सहमत छन् ।

दफा ४ यस सम्झौताको कुनै दफाको पुनरावलोकन दुवै पक्षको मञ्जूरी भएमा गर्न सकिने कुरामा दुवै पक्ष सहमत छन् ।

दफा ५ यस सम्झौतामा उल्लेखित सवै दफाहरुको पालना दुवै पक्षले गर्ने कुरामा दुवै पक्ष सहमत छन् ।

### खण्ड ख

### प्रथम पक्षको अधिकार

दफा ६ वजारको माग अनुसारको ग्याँसको आपूर्ति व्यवस्था सुचारु राख्न प्रथम पक्षले तोकिए वमोजिमको परिमाणको मासिक ग्याँसको पि.डि.ओ. दोश्रो पक्षका नाममा जारी गर्ने छ ।

दफा ७ प्रथम पक्षले वजारमा आपूर्ति व्यवस्थालाई सहज वनाउन आवश्यक निर्देशन दिन सक्ने छ ।

दफा ८ दोश्रो पक्षको काम कारवाही र जारी गरिएका निर्देशनहरु कार्यान्वयन गरे नगरेको अनुगमन प्रथम पक्षले गर्ने छ ।

दफा ९ वजारको माग अनुसार दोश्रो पक्षलाई उपलव्ध भैरहेको ग्याँसको परिमाण उपयुक्त कारण देखेमा प्रथम पक्षले घटाउन सक्ने छ ।

दफा १० दोश्रो पक्षसँग रहेको ग्याँसको गुणस्तर, मौज्दात एवं प्राप्ती र निकासी सम्वन्धी कागजात प्रथम पक्षले जुनसुकै वखत जाँच गर्न सक्ने छ ।

दफा ११ मूल्य कायम गर्नेः प्रथम पक्षले समय समयमा ग्याँसको मूल्यमा थपघट गर्न, दोहोरो विक्री मूल्य कायम गर्न र यस्तै अन्य आवश्यक कुराहरु वारे निर्णय गर्न सक्ने छ ।

दफा १२ प्रथम पक्षद्वारा जारी भएको पि.डि.ओ. अनुसारको परिमाणको ग्याँस दोश्रो पक्षवाट आपूर्ति भए नभएको र दिएका निर्देशन पालन भए नभएको अनुगमन प्रथम पक्षले गर्न सक्नेछ ।

दफा १३ ग्याँस कारोवार सम्वन्धी कुनै पनि जानकारी प्रथम पक्षले माग गर्न सक्नेछ ।

दफा १४ वजारमा ग्याँसको अभाव भएका वखत प्रथम पक्षले ग्याँस आपूर्ति सम्वन्धी थप निर्देशन दिन सक्नेछ ।

दफा १५ उद्योगवाट निश्चित सेवा शुल्क लिई प्रथम पक्षले दोश्रो पक्षलाई आफै आयात एवम् ढुवानी र अन्य व्यवस्था गर्ने गरी पि.डि.ओ. दिन सक्नेछ ।

दफा १६ बजारमा ग्याँसको खपत हेरी, स्थान एवं बजार (Market) हेरी कुन ग्याँस उद्योगीलाइ कति परिमाण ग्याँसको पि.डि.ओ. दिने हो सो को निर्णय गर्ने अधिकार प्रथम पक्षलाई हुने छ ।

## खण्ड ग

## दोश्रो पक्षको अधिकार

दफा १७ प्रथम पक्षले निर्धारण गरेको नीति एवं मापदण्ड अनुसारको ग्याँस आयातको पि.डी.ओ. प्राप्त गरी कारोवार गर्ने अधिकार दोश्रो पक्षको हुनेछ ।

दफा १८ प्रथम पक्षवाट स्वीकृत भएको नीति र मापदण्ड वमोजिमको प्रक्रिया पुरा गरी ग्याँस उद्योग सञ्चालन गर्ने अधिकार दोश्रो पक्षको हुनेछ ।

दफा १९ दोश्रो पक्षले आफ्नो उद्योगका उत्पादनको रुपमा आफ्नै नामको ग्याँस सिलिण्डरहरु उपभोक्तालाई विक्री वितरण गर्न आफ्ना विक्रेता नियुक्त गर्न सक्नेछ ।

दफा २० प्रथम पक्षद्वारा निर्धारित नीति एवं मापदण्ड वमोजिम ग्याँस सिलिण्डरको दोहोरो मूल्यमा कारोवार गर्ने अधिकार दोश्रो पक्षको हुनेछ ।

दफा २१ दोश्रो पक्षले निर्धारित प्रक्रिया पुरा गरी प्रथम पक्षसँग स्वीकृति लिई उद्योगको क्षमता विस्तार गरी कारोवार गर्न सक्नेछ ।

## खण्ड घ

## प्रथम पक्षको दायित्व

दफा २२ वजारको माग अनुरुप आपूर्ति व्यवस्थालाई सहज तुल्याई राख्न प्रथम पक्षले दोश्रो पक्षको नाममा पि.डी.ओ. जारी गर्नु पर्नेछ ।

दफा २३ वजारमा ग्याँसको माग एवं दोश्रो पक्षको ग्राहक संख्याको आधारमा दोश्रो पक्षवाट माग भए अनुसारको परिमाणको पि.डी.ओ. प्रथम पक्षले आपूर्ति (Supply) को आधारमा दोश्रो पक्षलाई उपलव्ध गराउनु पर्नेछ ।

दफा २४ वजारमा ग्याँस आपूर्तिको व्यवस्थालाई सहज र निर्विघ्न वनाई राख्न दोश्रो पक्षले माग गरे अनुसारको सहयोग प्रथम पक्षले दोश्रो पक्षलाई गर्नु पर्नेछ ।

## खण्ड ङ

## दोश्रो पक्षको दायित्व

दफा २५ यस विनियमावलीमा उल्लेखित प्रावधानहरुको पालना गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

दफा २६ ग्याँस कारोवार सम्वन्धमा प्रथम पक्षवाट माग भएका सूचना एवं जानकारीहरु प्रथम पक्षलाई उपलव्ध गराउने दायित्व दोश्रो पक्षको हुनेछ ।

दफा २७ दोश्रो पक्षले ग्याँस विक्री वितरण सम्वन्धी कारोवार गर्दा उपभोक्ताको हितलाई सर्वोपरी महत्व दिनु पर्नेछ । उपभोक्तालाई मर्का पर्ने कुनै पनि काम दोश्रो पक्षवाट गर्नु हुँदैन ।

दफा २८ दोश्रो पक्षले यस विनियमावली अनुसारको सम्पूर्ण सुरक्षा व्यवस्था मिलाई मात्र कारोवार गर्नु पर्नेछ ।

दफा २९ प्रथम पक्षले पारित गरेका नीति एवं निर्देशनहरुको पालना गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

दफा ३० ग्याँस कारोवारले स्थानिय वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यून गर्ने र वातावरण मैत्री कारोवार सञ्चालनको व्यवस्था गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

दफा ३१ प्रथम पक्षका निर्देशनहरु कार्यान्वयन गर्ने र जानकारीहरु उपयुक्त समयमा उपलव्ध गराई प्रथम पक्षलाई सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

## खण्ड च

## विविध व्यवस्था

खण्ड ३२ यस विनियमावलीका प्रावधानहरु दुवै पक्षलाई मान्य हुनेछ । सो वमोजिम नगर्ने पक्षलाई सोही विनियमावलीमा उल्लेखित प्रावधान अनुरुप कारवाही हुनेमा दुवै पक्ष सहमत छन् ।

| | |
|---|---|
| ..................................... | ..................................... |
| हस्ताक्षर | हस्ताक्षर |
| प्रथम पक्ष | दोश्रो पक्ष |

# नेपाल आयल निगम लिमिटेड

(विनियम १० को उप विनियम (१) संग सम्वन्धित)

## ग्याँस बिक्रेता (डिलर)ले पालना गर्नुपर्ने शर्तहरु

खाना पकाउने एल.पि.ग्याँसको बिक्री वितरण प्रणालीलाई व्यवस्थित, सुरक्षित, पारदर्शी र भरपर्दो तुल्याउनकालागि ग्याँस उद्योगका डिस्ट्रिव्यूटर तथा बिक्रेता (डिलर) हरुले तपसिल अनुसारका शर्त र मापदण्ड पुरा गर्नु पर्ने छ ।

१) नेपाल सरकारको वाणिज्य विभागबाट फर्म रेजिष्ट्रशन वा कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता भएको हुन पर्दछ ।

२) ग्याँसको कारोबार गरिने फर्मको PAN वा VAT मा दर्ता गराएको हुनु पर्दछ तथा आयकर दर्ता प्रमाणपत्र भएको हुन पर्दछ ।

३) ग्याँसको कारोबार गर्ने स्थानसम्म साना लोड सवारी साधनहरु आउन जान सक्ने बाटो भएको हुनु पर्दछ ।

४) कारोबार गर्ने स्थानमा सबैले देख्ने गरि ४ फिट लम्बाई, २$^{1}/_{2}$ फिट चौडाई भएको साइनवोर्ड अनिवार्य रुपमा राख्नु पर्दछ । साइनवोर्डमा कुन कुन ग्याँसको डिलर हो सोको प्रष्ट उल्लेख गरेको हुनु पर्दछ ।

५) ग्याँस उद्योगहरुबाट प्राप्त सिलिण्डर स्टोर गर्ने ठाउँ सुख्खा, ठंडा, हावादार र माथि छाना भएको सुरक्षित हुनु पर्दछ ।

६) ग्याँस स्टक राख्ने स्थानमा पर्याप्त भेन्टीलेसन भएको हुनु पर्दछ । साथै आगो निभाउने यन्त्र लगायत सुरक्षाको पर्याप्त व्यवस्था हुनु पर्दछ ।

७) ग्याँस बिक्रेताहरुले स्टक गर्ने गोदाम र बिक्रीकक्ष अलग अलग स्थानमा राख्न पाउने छैनन् ।

८) अनुगमनमा आउने नेपाल आयल निगम, नेपाल सरकार तथा उपभोक्तासंग सम्बन्धित व्यक्तिहरुलाई आफ्नो स्टक र माग गरेको कागजतहरु देखाउनु पर्नेछ ।

९) एल.पी.ग्याँस कारोबार गरिने दैनिक स्टक रजिष्टर अनिवार्य रुपले राख्ने र विहान बिक्री कक्ष खोल्दाको सुरु मौज्दात (Opening Stock) र बिक्री (Sales) तथा अन्तिम मौज्दात (Closing Stock) बुझिने गरी राख्नु पर्नेछ ।

१०) उपभोक्ताहरुलाई ग्याँस उपलब्ध गराउँदा उपभोक्ताको नाम, घर नम्बर सहितको ठेगाना र टेलिफोन/ मोवाइल नम्बर अनिवार्य रुपमा रजिष्टरमा लेखेर राख्ने व्यवस्था गर्नु पर्नेछ ।

११) ग्याँस डिष्ट्रिव्यूटरर्स वा डिलरहरुले आफुले उद्योगबाट भरिएका ग्याँसका सिलिण्डरहरु प्राप्त गर्दा सिलिण्डरको सिल चेक गरेर मात्र बुझ्नु पर्दछ भने ग्याँसको तौल पनि चेक गरेर मात्र स्टक गर्नु पर्नेछ । साथै यदि कुनै उपभोक्ताले ग्याँसको तौल चेक गर्न चाहेमा आफ्नो तौल गर्न दिनु पर्ने छ ।

१२) ग्याँसको गुणस्तरमा असर पर्ने चिजहरु जस्तो पानी, सेडिमेन्ट, फोहोर मैला आदी मिसावट हुनबाट बचाउन बिक्रेताहरुले आवश्यक सावधानी पुऱ्याउनु पर्दछ ।

१३)	ग्याँस प्रयोग गरी ग्याँस घटी सकेको अथवा हुनुपर्ने पुरा तौलको ग्याँस नभएको अथवा चुहिरहेको वा चुहेको सिलिण्डर वा क्षतिग्रस्त सिलिण्डर उपभोक्तालाई बिक्री गर्नु हुदैन । त्यस्ता सिलिण्डरमा विशेष चिन्ह लगाई अलग्गै राख्नु पर्नेछ  र सो को रेकर्ड राख्नु पर्नेछ ।

१४)	घरायसी र व्यवसायिक प्रयोजनकोलागि छुट्टा छुट्टै तौल वा रंगको सिलिण्डर तोकिएको खण्डमा नियम विपरित घरेलु प्रयोजनको सिलिण्डर अन्य व्यापारीक प्रयोजनकोलागि बिक्री वितरण गर्नु हुदैन ।

१५)	ग्याँस बिक्री गर्दा हाल बजारमा घरेलु प्रयोजनकोलागि १४.२ के.जि. क्षमताको सिलिण्डर मात्र बिक्री भैरहेकोले सो तौल भन्दा घटी बिक्री गर्न पाईने छैन । एल.पी.ग्याँसको तौल १.५ प्रतिशत भन्दा घटी बढी हुनु हुँदैन र बिक्री स्थलमा ग्याँस तौलगर्ने मेशीन (Weighing Machine) राख्नु पर्दछ ।

१६)	ग्याँस डिष्ट्रिव्यूटर्स तथा डिलरहरुले ग्याँस बिक्री गर्ने समय निर्धारण गरी सबैले देख्ने स्थानमा लेखि राख्नु पर्नेछ ।

१७)	निगमले समय समयमा ग्याँसको खुद्रा बिक्री दररेट कायम गर्दा तोकिएको मूल्य भन्दा बढी मूल्यमा ग्याँस बिक्री गर्न पाइने छैन ।

१८)	ग्याँस बिक्री गर्ने सबै प्रकारका डिलरहरुले आफ्नो बिक्री स्थलमा देहायका विषयहरु प्रष्ट खुल्ने गरी एल.पि.ग्याँस प्राप्त, बिक्री एवं संचयको दैनिक हिसाव किताव राख्नु पर्दछ ।

(क)	ग्याँस भरिएको, खाली र बिग्रीएको सिलिण्डरहरुको Opening Stock,

(ख)	दिन भरीमा प्राप्त ग्याँस भरिएको, खाली एवं बिग्रीएको सिलिण्डरहरुको संख्या,

(ग)	दिन भरिमा बिक्री गरिएका तथा खराव भई पन्छाईएको सिलिण्डरहरुको संख्या,

(घ)	उपरोक्त अनुसारको सिलिण्डरहरुको Closing Stock

१९)	समय समयमा सम्बन्धित सरकारी निकाय वा निगमबाट माग भई आएका अभिलेखहरु राख्नु पर्नेछ ।

२०)	ग्याँस बिक्री गर्ने स्थानमा भए गरेका सम्पूर्ण काम कारवाहीको जवाफदेही बिक्रेता स्वयं हुनु पर्दछ ।

**निगमलाई देहाय बमोजिमको अधिकार हुनेछः**

(क)	बिक्रेताहरुसंग रहेको ग्याँसको गुणस्तर, मौज्दात एवं कागजात निगमले जुनसुकै समयमा माग्न सक्नेछ ।

(ख)	ग्याँसको माग अनुसार कुन स्थानमा कति ग्याँस आवश्यक पर्दछ सो सम्बन्धी निर्णय निगमले गर्न सक्छ ।

(ग)	निगमले समय समयमा ग्याँसको मूल्यमा हेरफेर गर्न सक्नेछ ।

(घ)	नेपाल सरकार र निगमले वेला वेलामा आवश्यक निर्देश दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु ग्याँस उद्योग, डिष्ट्रिव्यूटर्स वा बिक्रेताको कर्तव्य हुनेछ ।

(ङ)	स्विकृत मापदण्ड वा नियम बमोजिम काम कारवाई नभएको पाइएमा निगमको विनियमावलीबमोजिम कारवाही हुनेछ ।

अनुसूचि - ७

# नेपाल आयल निगम लिमिटेड

(विनियम १८ संग सम्बन्धित)

**विक्रेता (डिलर्स) को विवरण उपलब्ध गराउने ढाँचा**

श्री नेपाल आयल निगम लिमिटेड

… … … … … … … … …

यस उद्योग अन्तर्गत ग्याँस सिलिण्डर बिक्री वितरण गर्नकोलागि नियुक्ति गरिएका विक्रेताहरुको विवरण देहाय बमोजिम छ ।

| क्र.सं. | विक्रेताको नाम | विक्रेता रहेको ठेगाना | कैफियत |
|---|---|---|---|